
# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१७, अंक-५१ ● २०८२ असार २३ गते सोमबार, ● 07 July, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## राक्सिराङ गाउँपालिमा चट्याङको पूर्वसूचना दिन

# सेन्सरसहितको साइरन जडान



विकास संवाददाता

थाहानगर

मकवानपुरको एक विकट र चट्याङको उच्च जोखिम रहेको पालिकाले चट्याङको पूर्वसूचना दिने यन्त्र सेन्सर सहितको साइरन स्थापना गरेको छ । राक्सिराङ गाउँपालिका-५ को चैनपुरस्थित विद्यालय र पालिका भवनमा साइरन स्थापना गरिएको छ ।

चट्याङजन्य प्रकोपबाट जनधनको क्षति न्यूनीकरण गर्न राक्सिराङ गाउँपालिकामा चट्याङको पूर्वसूचना दिने यन्त्र सेन्सरसहितको  साइरन स्थापना गरिएको हो । एक विशेष कार्यक्रमका बीच उक्त सामग्री गाउँपालिकालाई १६ वैशाखमा हस्तान्तरणपश्चात जडान गरिएको हो । अन्य वडामा २ दिन भित्रमा साइरन जडान गरिसक्ने गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । साउथ एशियन लाइट्निङ नेटवर्कका अध्यक्ष तथा अनुसन्धानकर्ता श्रीराम शर्माका अनुसार, दक्षिण एसियामै पहिलोपटक सफल परीक्षणपछि यो यन्त्र राक्सिराङमा जडान गरिएको हो । 'यस यन्त्रले आकाशमा विद्युतीय चार्जको अनुभूति गरेपछि १६ किलोमिटरको रेडियसभित्र चेतावनी दिन सक्छ,' उनले भने । यसअघि नगरकोटमा सफल परीक्षण गरिएको थियो । यो प्रणालीले चट्याङ आउनुभन्दा करिब १६ मिनेटअघि पूर्वसूचना दिने र सर्वसाधारणलाई सुरक्षित स्थानमा जानको लागि सन्देश प्रवाह गर्ने अनुसन्धानकर्ता शर्माको भनाइ छ ।

गाउँपालिका अध्यक्ष मल्लले राक्सिराङ उच्च विपद् जोखिमयुक्त क्षेत्र भएकाले यस्तो प्रविधिको अत्यावश्यक रहेको बताए । पूर्व जानकारी पाउने व्यवस्था भएपछि चट्याङबाट सचेत गराउन र सुरक्षाका उपाय अपनाउन सहज हुने अध्यक्ष मल्लको भनाइ थियो । स्थानीय स्तरमा यस प्रविधिको स्थापना हुँदैगर्दा समुदायमा चट्याङप्रति सचेतना अभिवृद्धि हुने र समयमै सुरक्षित ठाउँ खोज्न सकिने सम्भावना हुने शर्माले भने । प्राविधिक टोलीले यथासिघ्र सबै साइरन यन्त्रहरू जडान गर्ने जनाएको छ ।

वडा नम्बर १ को राम्चे, वडा २ र ३ को भाट्टी, वडा ४ को वडा कार्यालय, वडा ५ को चैनपुरमा मुख्य सेन्सरसहितको साइरन, वडा ६ को सिलिङ्केको विद्यालय भवन, वडा ७ को गर्लिङ, वडा ८ को पाङ्बुङ र वडा ९ को प्रहरी चौकी कन्द्राङमा साइरन प्रणाली राखिनेछ । पिपुल इन निडको आर्थिक सहयोग र साउथ एशियन लाइट्निङ नेटवर्कको प्राविधिक सहयोगमा एउटा मुख्य सेन्सर र आठवटा साइरन सिस्टम वितरण गरिएको हो । कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेत, वडा नम्बर १ देखि ९ सम्मका वडाध्यक्षहरू तथा प्राविधिक समूहको उल्लेखनीय उपस्थिति रहेको थियो ।

चट्याङबाट राक्सिराङ गाउँपालिकामा चालु आवको १० महिनामा ४ जना घाइते भएका छन् । गाउँपालिकाको तथ्याङ अनुसार गत आवमा चट्याङवाट राक्सिराङ गापामा-२ जनाको मृत्यु हुनुको साथै ८ जना घाइते भएका थिए ।


**विकास खबरपत्रिका साप्ताहिक**
**खोजी-खोजी पढौं**
*समाचार र विज्ञापनका लागिः ९८०७१५३३००*


## थाहानगरको १० नम्बर वडामा बाली उपचार शिविर

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १० टौखेलमा एकदिने बाली उपचार शिविर भएको छ । बाली संरक्षण प्रयोगशाला ललितपुरको आयोजना तथा वडा कार्यालयको समन्वयमा शिविर भएको हो ।

शिविरमा स्थानीय किसानहरूको बालीमा लागेको रोग किराको विषयमा परीक्षण गरिएको थियो । रोग लागेको




विरूवाहरू शिविरमा राखिएको प्रयोगशालामा परीक्षण लागि किसानहरूले लगेका थिए । किसानहरूको खेतबारीमा रोपेको बालीको नमुना परीक्षणमा ल्याउनको लागि थाहा नगरपालिका ९ र १० की कृषि प्राविधिक कमला सुवेदीले सजहीकरण गरेकी थिइन् । शिविरमा किसानले ल्याएका रोगी बालीको नमुना बाली संरक्षण प्रयोगशाला अधिकृत सरिता सापकोटा, कृषि प्राविधिकहरू दिपेन्द्र प्रसाद कुश्वाह, सुमला राई तथा थाहा नगरपालिकार्की कृषि प्राविधिक सुवेदीले परीक्षण गरेका थिए ।

शविरमा गोलेभेडा, भेडे खुर्सानी, भण्टालगायतको बालीमा लागेको रोगकिराको परीक्षण गरिएको थियो । शिविर किसानहरूको आवश्यकतामा आधारित भएको बताइएको थियो । यसरी प्रयोगशाला मार्फत रोग किराको विषयमा जानकारी पाउँदा बाली उपचार तथा किरा नियन्त्रणमा सहयोग पुगेको किसानहरूले प्रतिक्रिया दिएका थिए ।

शिविरमा आएका किसानहरूलाई बाली उपचारमा प्रयोग हुने केही ढुसीनाशक, किरानाशक तथा टुटा नियन्त्रणका विषादी तथा सामग्रीहरू पनि वितरण गरिएको थियो ।

थाहा नगरपालिका १० नम्बर वडा कार्यालयमा भएको शिविरमा वडाध्यक्ष हिरा बहादुर गमाल, वडा सदस्यहरू बिनोद बस्नेत, उत्तम गोपाली, भक्ती परियार तथा शर्मिला बस्नेलगायतकाको उपस्थिती रहेको थियो ।


**क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !**

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

**सञ्चार सीप तथा कम्प्युटर सम्बन्धी काम सबै काम एकै ठाउँमा**



**पालिका प्रेस**
इन्द्रसरोवर-१ मकवानपुर
सम्पर्कः ९८५५०३७५६१
palikapress.com@gmail.com

**हाम्रा सेवाहरू :**
- समाचार लेखन तथा सम्पादन
- समाचार पत्र सेटिङ
- फोटो, भिडियो तथा अडियो पत्रकारिता
- अनलाइन पत्रकारिता
- कम्प्युटर सम्बन्धी आधारभूत सीप

# • सम्पादकीय •

## विभेदको बदलिँदो रुप

हामी धेरै आदर्शका कुरा गर्छौं । तर त्यसलाई व्यवहारमा कति उतार्न सक्यौं त्यो हाम्रो उपलब्धी हो । नेपाली समाजमा अझै पनि विभेद कायमै छ । वर्गका आधारमा मात्र होइन जातका नाममा, लिङ्गका नाममा समाजमा दोस्रो दर्जाको व्यवहार कायमै छ । चाडपर्व, धर्म, परम्परा या संस्कृतिको नाममा वा भनौं विश्वासमा समाजमा कुनै न कुनै रुपको विभेदलाई निरन्तरता दिने गरिएको छ । हिजो कामलाई लिएर विभाजन थियो, पेशालाई लिएर विभाजन थियो । यो काम महिलाले गर्ने र यो काम पुरुषले गर्ने भन्ने एक खालको मान्यता थियो । त्यही मान्यताको प्रतिफल आज पनि घरधन्दा प्रायः सबै घरपरिवारमा महिलाकै काँधमा देखिन्छ । जसरी घरधन्दाजस्ता सेवामूलक कामलाई महिलाले गर्ने कामका रुपमा स्थापित गरियो त्यसैगरी कपडा सिलाउने, फलाम पिट्ने, बाजा बजाउनेजस्ता कामहरुमा दलित समुदायको कामको रुपमा स्थापित गरियो । यस्ता कामहरुलाई तल्लो दर्जाको कामको रुपमा लिने परिपाटीले ती काम गर्नेहरुलाई पनि तल्लो दर्जाकै नागरिकका रुपमा हेर्ने मान्यता विकसित गरियो । अब भने मान्छे मान्छेका बीच विभेदको रेखा कोर्ने यस्तो गलत मान्यताका विरुद्ध समाज जाग्न थालेको छ । आफ्ना लागि बर्जित भनिएका काममा मानिसहरुले हात हाल्न थालेका छन् ।

समाज रुपान्तरणका दृष्टिले यसको धेरै महत्व छ । त्यसो त लैंगिक, जातीय विभेदविरुद्ध एकाध व्यक्तिले गर्ने ससाना आँटले मात्र नपुग्ला । तर सामाजिक जागरुकता बढाउने हिसाबले भने यसको अर्थ खोज्न सकिन्छ । कालो बादलमा चाँदीको घेरा भनेजस्तै समाजमा भेटिने एकाध यस्ता कामले प्रोत्साहन पाउने हो भने यसले सामाजिक जागरणको काम गर्न सक्छ । त्यसो त राजनीतिक रुपान्तरणसँगै सामाजिक साँस्कृतिक रुपान्तरणको मुद्दा उठ्दै आएको पनि हो । राजनीतिक दलहरुले सामाजिक रुपान्तरणको मुद्दालाई व्यवहारमा उतार्दै निरन्तर अगाडि बढाउनुपर्नेमा त्यसो हुन सकिरहेको छैन । पछिल्लो समयमा राजनीतिक दलहरुले सामाजिक साँस्कृतिक रुपान्तरणको मुद्दालाई प्राथमिकतामा राखेको देखिएको छैन । यद्यपि सामाजिक रुपमा जागरुकता भने बढ्दै पनि छ । समाज रुपान्तरणको चर्चा चल्न छाडेको छैन । सामाजिक चेतनाको यो धारालाई पक्डेर राजनीतिक दल तथा सरकारले समाजमा जरा गाडेर बसेका कुरीति, अन्धविश्वास, विभेदपूर्ण मूल्यमान्यता बुझ्न, बुझाउन र त्यस्ता कुरीति, मूल्यमान्यता त्यागेर अघि बढ्ने हौसला प्रदान गर्ने खालका कार्यक्रम बनाउन जरुरी छ । मान्छेको आनीबानी र सोच परिवर्तनसँग जोडिएका यस्ता सवालमा गरिने कामले आजको भोलि तत्काल परिणाम नदेखिन सक्छन् । तत्काल परिणाम नदेखिए पनि यस्ता कामलाई प्राथमिकतामा पार्न चुक्नु हुन्न । हाम्रो जस्तो अन्धविश्वास र कुरीतिले जकडिएको समाजमा सामाजिक साँस्कृतिक रुपान्तरणको पक्षमा ध्यान पुर्‍याउन सकिएन भने भौतिक विकासले मात्र हामीलाई समृद्धिको यात्रामा सजिलै अघि बढ्न दिने छैन । समाज रुपान्तरणको चर्चा सबैजसो मानिसहरुले गर्ने गर्छन् ।

प्रगतिशील मानिएका व्यक्ति मात्र होइन, हिजोका शासकहरु पनि समाज रुपान्तरणको कुरा गर्छन् । हिजोका शासक आजको विभेदपूर्ण समाज व्यवस्थाका बाहकहरु नै हुन् । ती पनि समाज रुपान्तरणको कुरा गर्छन् । समाज रुपान्तरण भनेको के हो ? समाज रुपान्तरण किन जरुरी छ ? के कुरा बदलियो भने वास्तवमा समाज रुपान्तरण हुन्छ त ? यी कुराहरुको गहिराइमा नपुगी समाज रुपान्तरणको सवाल बुझ्न सकिँदैन । हिजोको भन्दा फरक आज हाम्रा सामाजिक व्यवहार, चालचलन र मूल्यमान्यतामा आएको फेरबदल नै सामाजिक रुपान्तरण हो । शोषण भेदभाव अन्त्य गर्न भन्दै हामीले सामन्ती पितृसत्तात्मक निरंकुश र ाज्यव्यवस्थाको ठाउँमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याएका हौं । समाजमा बदलिँदै गरेका विभेदयुक्त मान्यतालाई प्रश्रय दिएर व्यापक बनाउन समाजका हरेक सचेत व्यक्ति जिम्मेवार बन्नुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकास र सामाजिक नीतिको सम्बन्ध

हाम्रो सन्दर्भमा सामाजिक नीतिको महत्व ज्यादा हुने भएकाले यसको निर्माणको समयबाटै विकास केन्द्रित रोजगारी सिर्जनामा उपयोगी साक्षरतामा वृद्धि, बाल तथा मातृ स्वास्थ्यमा सुधार, सरल ऋणको व्यवस्था, सुरक्षाजस्ता विविध पक्षमबा ध्यान दिनुपर्छ । सामाजिक न्याय समावेशी र महिला सशक्तीकरणमा बढी चनाखो हुनु जरुरी देखिन्छ ।



सुदर्शन अधिकारी

सामान्यतया विकास भन्नाले समाजमा हुने सकारात्मक परिवर्तन हो । त्यसैले त परिवर्तन र विकास एकअर्काका परिपूरक पनि हुन्छन् । विकाससँगै उद्योग र कलकार खानाको स्थापना पनि हुनु अनिवार्य मानिन्छ । किनभने उद्योग त्यस्तो महत्वपूर्ण क्षेत्र हो जसले ठूलो संख्यामा श्रमिकलाई रोजगारी उपलब्ध गराउँछ । अब रह्यो उद्योग स्थापना गर्ने सवाल, यसले मानवका आधारभूत आवश्यकताभित्र पर्ने बाटो, बिजुली, शिक्षा, स्वास्थ्य, सञ्चार, खानेपानी, यातायातलगायतका विविध पक्षको विकासको खाँचो रहन्छ । विकासको क्रममा नै उत्पादनले व्यावसायिकता र व्यापकता पाउँछ । हामीले अवलम्बन गरेका विकासका लक्ष्य प्राप्त गर्नका लागि धेरै कार्य गर्नुपर्ने देखिन्छ ।

हाम्रा विकासका कार्यक्रम ज्यादै बृहत् र चुनौतीपूर्ण मात्र नभई महत्वाकांक्षी समेत देखिन्छ, जुन पूरा गर्नका लागि ठूलो मात्रामा स्रोत र साधनको आवश्यकता पर्छ । सामाजिक परिवर्तनका सवालमा भन्नुपर्दा विकासका कार्य पनि निरन्तर चल्ने प्रक्रिया हो । आज हामी विकासको जुन अवस्थामा आइपुगेका छौं, यी सबै परिवर्तनकै परिणाम हुन् । समाज एकैपटक परिवर्तन हुने, आधुनिक बन्ने र सुसंस्कृतको अवस्थामा आउने पनि होइन । सामाजिक परिवर्तनको गति आफ्नै रूपको हुन्छ ।

विकासको महत्वपूर्ण विशेषता भनेकै एउटै गति नहुनु हो । यसलाई प्रभाव पार्ने विभिन्न तत्वहरू हुन्छन् । शिक्षा, पुँजी, दक्ष जनशक्ति, स्रोतसाधन, प्राविधिक ज्ञान, आधुनिक उपकरण, प्रभावकारी योजना तथा कार्यक्रमजस्ता तत्वहरू हुन्छन् । विकास र प्रगति एकअर्काका परिपूरक पनि हुन् । सकारात्मक र मानवको चौतर्फी प्रगति नै सही अर्थमा विकास हो । विकासका लागि योजनाको महत्वपूर्ण भूमिका रहन्छ । बिनायोजनाको विकास अत्यन्तै मन्द गतिमा र ढिलो मात्र देखिन्छ ।

विकासले समाजको मात्रात्मकभन्दा गुणात्मक प्रगतिलाई जनाउने हुँदा समाजमा हामी गुणात्मक र तीव्र परि वर्तन चाहन्छौं भने व्यक्ति सक्षम, सक्रिय र बलियो हुनु जरूरी हुन्छ । राज्यले कल्याणकारी विकासका माध्यमबाट गुणस्तरीय शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी, सञ्चार, विद्युत्लगायतका सुविधाहरू सहज रूपले उपलब्ध गराउनुपर्ने हुन्छ । हाम्रो सन्दर्भमा भन्ने हो भने अव्यवस्थित र बिनायोजना बस्ती विकास हुँदा सहरमा समेत सामान्य सुविधा नपाइने अवस्थाको सिर्जना भएको छ । हामीले गर्ने गरेका विकासका कार्य दाता देशको अनुकूलमा हुने गरेका छन्, जसले वास्तविक विकासलाई आत्मसात् गर्न नसकिरहेको देखिन्छ । विकाससँगै रोजगारी, वातावरण, आय आर्जन पनि जोडिएर आउने भएकाले विकासका कार्यमा दूरदर्शिता अपनाउनुपर्ने हुन्छ ।

हामीले सामाजिक नीतिको अवलम्बन गरेको पनि लामो समय भइसकेको छ । २०५१ सालमा तत्कालीन एमालेको अल्पमतको सरकारले वृद्ध भत्ता दिने व्यवस्था गरेसँगै विकास भएको देखिन्छ । सामाजिक नीतिको मूल उद्देश्य भनेकै मानवहरूबीचको अवस्था सुधार गर्नु हो । नेपाली समाजमा गरिबी र अशिक्षा अझै व्याप्त छ । गरिबीले नै समाजमा वर्ग निर्धारण गर्छ । सामाजिक नीतिले विपन्न वर्ग र समुदायमा पछाडि परेकाहरूको अवस्थामा सुधार ल्याउने कार्य गर्छ । सामाजिक नीतिले मानवको शिक्षा, स्वास्थ्य, रोजगारी, विकास, आम्दानीलगायतका विविध पक्षमा सुधार ल्याउने भएकाले यसको महत्व ज्यादा रहेको रहन्छ । समाजमा मानवका बीचमा विभेद बढ्दै जाँदा कमजोर वर्ग बहिष्करणमा पर्ने अवस्थाको सिर्जना हुन्छ । गरिबीका कारण उनीहरू आधारभूत सुविधाबाट वञ्चित बन्नुपर्ने अवस्थाको निर्माण हुन्छ । सामाजिक नीतिको प्रभावकारितासँगै देशका हजारौं मानवले अनेकौं सुविधा पाएका छन् ।

हाम्रो सन्दर्भमा चर्चा गर्दा वृद्ध भत्ता, अशक्त भत्ता, लोपोन्मुखहरूका लागि मासिक भत्ता, दलितहरूका बच्चालाई उच्च शिक्षासम्म निःशुल्क शिक्षा, कक्षा १० सम्म निःशुल्क शिक्षा, छात्राहरूका दिइने छात्रवृत्तिलगायतका अनेकौं शीर्षकमा सामाजिक सुरक्षा पाइरहेका छन्, जुन कार्यक्रम नीतिगत रूपमा सञ्चालन हुँदै आएको छ । देशमा लोकतन्त्रको स्थापनापछि बनेको अन्तरिम सविधान, २०६३ ले सामाजिक नीतिको स्पष्ट व्यवस्था गरेको थियो । यस सवालमा अन्तर्राष्ट्रिय अवस्था कस्तो छ त ? यसलाई हेर्ने हो भने हाम्रो छिमेकी देश चीनले वृद्ध अवस्थामा दिइने पेन्सन र स्वास्थ्य सुविधाको प्रभावकारी प्रयोगले त्यस देशका नागरिकको आयु बढेको छ । अमेरिका, जापान, क्यानडालगायतका विकसित देशले पनि वृद्धि अवस्थामा दिइने पेन्सनको कारणले नै त्यस देशका नागरिकको सर दर आयु बढाएको देखिन्छ । हरेक देशले आफ्नो नागरिकको आर्थिक अवस्था सुधार गर्नका लागि सामाजिक नीतिको प्रभावकारी रूपमा अवलम्बन गरेको हुन्छ ।

त्यस कारणले गर्दा सामाजिक नीति निर्माणका बखतमा नै स्पष्ट भएर अभ्यासमा सहज रूपले लैजान सकिने नीति निर्माण गर्नुपर्ने हुन्छ । सामाजिक नीति बनाउने समयमा शिक्षा, स्वास्थ्य, रोजगारी, नागरिकता, गुणस्तरीय जीवन आदि विषयहरूमा केन्द्रित हुनुपर्छ । समाजमा धेरै प्रकारका आवश्यक्ताहरू हुन्छन्, तर ती आवश्यकतामध्ये सबैभन्दा बढी महत्वको जुन हो त्यसलाई आधार बनाई नीति बनाउनुपर्छ । आम नागरिकको मागलाई भन्दा पनि विषयको गम्भीरतालाई ख्याल गर्दै सामाजिक नीति निर्माण गर्नुपर्छ । यसमा ध्यान दिँदा लक्षित वर्ग को हुन् ? कस्तो कार्यक्रम तय गर्ने ? कुन कार्यक्रमलाई प्राथमिकतामा राख्ने ? जस्ता सवालमा गम्भीर भई निष्कर्ष निकाल्नुपर्छ । पहिचान गरिएका विषयमा विज्ञ सरोकारवाला र सरकारी पक्षका बीचमा व्यापक छलफल गरी नीतिको टुङ्गो लगाउनुपर्छ । नीति निर्माण गर्दा स्पष्ट, व्यावहारिक र कार्यान्वयनमा सहज रूपमा लैजान सकिने बनाउनुपर्छ ।

सामाजिक नीतिले सामाजिक मुद्दाको सम्बोधन पनि गर्न सक्नुपर्छ । नीति निर्माण भएपछि त्यसबारेमा बहुपक्षीय विश्लेषणको खाँचो रहन्छ । विश्लेषणका विषय सामाजिक, आर्थिक, प्राविधिक, वातावरणीय, प्रशासनिक लगायतमा नीतिगत छलफल गर्नुपर्छ । निर्माण गरिएका सामाजिक नीति सहज रूपले कार्यान्वयनको चरणमा लैजानुपर्छ । तयार भएको नीतिका चुनौतीहरू केके हुन सक्छन् ? त्यसका बारेमा व्यापक मात्रामा छलफल हुनु जरूरी हुन्छ । सफल हुने नीति निर्माण भइसकेपछि सम्बन्धित पक्षबीचमा समन्वयका लागि लैजानुपर्छ । यसका लागि संस्थागत संलग्नता, कानुनी पक्ष, समुदाय वा अन्य पक्षका बीचमा समन्वय गर्ने संयन्त्रको निर्माण गर्नुपर्छ । यसमा कुन-कुन निकायले केके कामका लागि के-कस्तो योगदान दिन सक्छन्, त्यसलाई पहिचान गरी समन्वय गर्दै नीतिको तय गर्नुपर्छ । कुनै पनि योजनाको सार्थकता कार्यान्वयनको चरणमा पुगेपछि मात्र हुन्छ । तसर्थ के-कस्ता सामाजिक विषयहरूमा केन्द्रित नीतिहरू बनेका छन्, त्यसलाई ख्याल गरी कार्यान्वयनको प्रक्रियामा लानुपर्छ । कार्यान्वयनका प्रक्रियामा आउन सक्ने समस्याहरूप्रति भने सुरूमा नै सचेत र सजग हुनुपर्छ । अब आउँछ, स्रोतसाधनको उचित समन्वय, प्रशासनिक व्यवस्था, कार्यान्वयन प्रक्रियामा कुशलता प्रदर्शन गर्ने, जुन सामाजिक नीतिमा झन् महत्वपूर्ण हुन्छ । नीतिको तय भएअनुसारका कार्यक्रमको प्रकृतिअनुसार कार्यान्वयनको संयन्त्र मिलाउनुपर्छ । प्रभावकारिताको परीक्षण गर्नका लागि नीतिगत तह, प्रशासनिक तह, आर्थिक पक्ष आदिमा केन्द्रित रहेर निश्चित आधारमा सामाजिक नीतिको मूल्यांकन गर्नुपर्ने हुन्छ । अगाडि नै तयार गरी लागू गरिएका नीतिको प्रभावकारिताका आधारमा सामाजिक नीतिको निरन्तरता निर्भर रहन्छ । नीतिमा भएका कमी-कमजोरीलाई सुधार गर्दै पुनः कार्यान्वयनमा लैजानुपर्छ । नीतिको समीक्षा गरेर कार्यान्वयनको चरणमा लैजाँदा के-कस्ता कार्यक्रम कसरी सन्चालन भए ? लक्ष्य प्राप्ति भयो कि भएन ? कुन पक्षमा समस्या आयो ? सकारात्मक र नकारात्मक पक्षहरू के-के रहे ? जस्ता प्रश्नहरूको प्रभावकारी मूल्यांकन गर्नुपर्छ ।

हाम्रो सन्दर्भमा सामाजिक नीतिको महत्व ज्यादा हुने भएकाले यसको निर्माणको समयबाटै विकास केन्द्रित रोजगारी सिर्जनामा उपयोगी साक्षरतामा वृद्धि, बाल तथा मातृ स्वास्थ्यमा सुधार, सरल ऋणको व्यवस्था, सुरक्षाजस्ता विविध पक्षमबा ध्यान दिनुपर्छ । सामाजिक न्याय समावेशी र महिला सशक्तीकरणमा बढी चनाखो हुनु जरूरी देखिन्छ । यसले अन्ततः हाम्रो आर्थिक विकासमा ठूलो टेवा पुग्छ ।

# बालबालिका किन रिसाउँछन् ? यस्तो भन्छन् मनोवैज्ञानिक



रिस देखाउने बालबालिकाका आ-आफ्नै तरिका हुन्छन् । कोही रून्छन्, कोही धुम्म परेर बस्छन्, भुइँमा लडिबुडी गर्ने, नजिकै भएका व्यक्तिलाई कुट्ने, टोक्ने, सामान फालदिने, खानेकुरा घोप्ट्याउने, आमाको दूध खाइरहेका बेला रिस उठ्दा दूध टोकिदिने समेत गरिरहेका हुन्छन् ।

साँच्चै सानो कुरामा पनि बोली नफुट्दैदेखि बालबालिका निकै रिसाउँछन् । किन यति धेरे रिसाउँछन् त बालबालिका, यसमा उनीहरूको कस्तो मनोविज्ञानले काम गरेको हुन्छ ? बालबालिकाको रिस एक स्वाभाविक भावना हो, जुन उनीहरूको भावनात्मक विकासको हिस्सा हो । रिस, वयस्कहरूमा जस्तै, बालबालिकामा पनि विभिन्न कारणले उत्पन्न हुन्छ, तर उनीहरूको रिसको अभिव्यक्ति र व्यवस्थापन प्रायः फरक हुन्छ किनभने उनीहरूको मस्तिष्क र भावनात्मक नियन्त्रण प्रणाली पूर्णरूपमा विकसित भएको हुँदैन ।

मनोवैज्ञानिक दृष्टिकोणबाट, बालबालिकाको रिसलाई बुझ्न र सम्बोधन गर्न विभिन्न सिद्धान्त र अनुसन्धानहरूले महत्त्वपूर्ण योगदान दिएका छन् ।

## किन उत्पन्न हुन्छ रिस ?

रिस एक आधारभूत मानवीय भावना हो, जुन कुनै बाधा, असन्तुष्टि, अन्याय वा अपेक्षा पूरा नहुँदा उत्पन्न हुन्छ । मनोविज्ञानका विज्ञ सिग्मन्ड फ्रायडका अनुसार, रिस एक रक्षा संयन्त्र हो, जसले व्यक्तिलाई तनाव वा असहज परिस्थितिबाट बचाउन काम गर्छ । बालबालिकाको सन्दर्भमा, रिस प्रायः उनीहरूको सीमित संज्ञानात्मक र भावनात्मक क्षमता, वातावरणीय प्रभाव र सामाजिक अन्तरक्रियाबाट उत्पन्न हुन्छ।

निर्णय लिने, भावना नियन्त्रण गर्ने र तार्किक क्षमता हुने मस्तिष्कको भाग 'प्रिफ्रन्टल कोर्टेक्स' बालबालिकामा पूर्ण विकसित भएको हुँदैन । प्रिफ्रन्टल कोर्टेक्स किशोर अवस्था सम्म पनि परिपक्क नहुने न्यूरोसाइन्सका अनुसन्धानहरूले देखाएका छन् । त्यसैले, जब बालबालिकालाई रिस उठ्छ, उनीहरूले तत्काल प्रतिक्रिया दिन्छन्, जस्तै-: चिच्याउने, रूने, लड्ने, कुनै वस्तु फाल्ने वा जे भेटिन्छ त्यहीले हान्ने । यो किन हुन्छ भने, उनीहरूमा भावनालाई नियन्त्रण गर्ने वा तार्किक रूपमा विश्लेषण गर्ने क्षमता कम हुन्छ ।

### *बालबालिका रिसाउनका प्रमुख कारण:*

### *१. शारीरिक आवश्यकता पूरा नहुँदा*

भोक, थकान, निद्रा नपुगेको अवस्थामा बालबालिकालाई चिडचिडाहट र रिसको अवस्थामा पुऱ्याउँछ। उदाहरणका लागि, साना बालबालिकाहरू भोक लाग्दा वा थकान महसुस गर्दा रूने वा चिच्याउने गर्छन् । यो उनीहरूको मस्तिष्कको अमिग्डालाको सक्रियताले हुन्छ, जसले तनाव र भावनात्मक प्रतिक्रियालाई नियन्त्रण गर्छ ।

### २. हार्मोनल परिवर्तन

यो समस्या विशेष गरी किशोरावस्थामा हुन्छ । यो बेला हार्मोनमा हुने परिवर्तनले पनि रिस र चिडचिडाहट बढाउँछ। यो साना बालबालिकामा कम लागू हुन्छ।

### ३. वंशाणुगत प्रभाव

बच्चामा धेरै रिस उठ्ने स्वभाव हुनुमा वंशाणुगत पनि जिम्मेवार हुने अध्ययनहरूले देखाएका छन् । बाबुआमा वा दुईमध्ये कोही धेरै रिसाउने छ भने, बालबालिकालाई पनि धेरै रिस उठ्ने ती अध्ययनले भनेका छन् । यदि अभिभावकहरूमा रिसको व्यवस्थापन कमजोर छ भने, बालबालिकामा पनि यस्तो व्यवहार देखिन सक्छ ।

### ४. अपेक्षा पूरा नहुनु

धेरैजसो बालबालिका रिसाउन कारण हो, उनीहरूको अपेक्षा पूरा नहुनु । बच्चाले कुनै कुरा माग्छ वा कतै जान ढिपी गर्छ र उसको इच्छा पूरा हुँदैन भने धेरै रिसाउँछ । यो मनोवैज्ञानिक सिद्धान्त 'फ्रस्ट्रेशन-एग्रेसन हाइपोथेसिस'सँग सम्बन्धित छ, जसले भन्छ कि बाधा वा असफलताले रिस वा आक्रामक व्यवहार निम्त्याउँछ।

### ५. आत्मसम्मान र नियन्त्रणको अभाव

बालबालिकाले आफूलाई नियन्त्रण गर्न नसकेको वा असहाय महसुस गर्दा रिस उत्पन्न हुन्छ । उदाहरणका लागि, यदि कुनै बच्चालाई गृहकार्य गर्न गाह्रो भयो भने, उसले रिसले किताब फाल्न सक्छ।

### ६. सिकाइ तथा नक्कल

मनोवैज्ञानिक अल्बर्ट बान्डुराको सामाजिक सिकाइ सिद्धान्त अनुसार, बालबालिकाले वरपरका मानिसहरूको व्यवहारबाट सिक्छन् । यदि अभिभावक वा साथीहरूले रिसलाई आक्रामक रूपमा व्यक्त गर्छन् भने, बालबालिकाले पनि त्यही व्यवहार सिक्छन्।

### ७. परिवारिक तथा सामाजिक वातावरण

घरको अवस्था तनावपूर्ण छ, अभिभावकको झगडा भइरहन्छ, अभिभावक वा आफू भन्दा ठूला मान्छेले बालबालिकालाई कडा व्यवहार देखाउँछन् भने पनि यसले बालबालिकालाई रिस उठ्ने बनाउन सक्छ । यदि अभिभावकले बारम्बार गाली गर्छन् भने, उनीहरूलाई तनाव दिइरहन्छन्, अपमानित गर्छन् भने त्यसको प्रतिकारमा बालबालिकाले रिस देखाउँछन् । यही क्रम निरन्तर चलिरहँदा बच्चामा धेरै रिसाउन बानी पर्न जान्छ ।

यो कुरा परिवारमा मात्रै नभएर स्कूल तथा टोलछिमेकको वातावरणमा पनि लागू हुन्छ । साथी, शिक्षक वा वरपरका कसैले बच्चालाई सताउने उदाहरणका लागि, यदि कुनै बच्चालाई साथीहरूले जिस्काउँछन् भने, चिड्याउने, सताउने गर्छ भने बालबालिकामा बिद्रोही भावना विकास हुन्छ । उसले, रिस र आक्रामक व्यवहार देखाउन सक्छ ।

### ८. प्रविधिको प्रभाव

टिभी तथा अनलाइनहरूमा हिंस्रक खालका भिडियोहरू हेर्ने, यस खालका गेम खेल्ने बालबालिकामा त्यसको प्रभाव र सिको गरेर धेरै रिसाउने, आक्रामक व्यवहार देखाउने समस्या हुनसक्छ । उत्तेजित भिडियो तथा गेमहरूले बालबालिकाको भावनात्मक नियन्त्रणलाई कमजोर बनाउँछ ।

### *रिसको मनोवैज्ञानिक सिद्धान्तहरु*

बालबालिकाको रिसलाई बुझ्न विभिन्न मनोवैज्ञानिक सिद्धान्तहरूले सहयोग गर्छन् ।

### *१. मास्लोको आवश्यकता श्रेणी सिद्धान्त*

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोको सिद्धान्तअनुसार, यदि बालबालिकाको आधारभूत आवश्यकता (खाना, सुरक्षा, माया) पूरा हुँदैन भने, उनीहरूमा रिस वा चिडचिडाहट उत्पन्न हुन्छ। यदि बच्चालाई पर्याप्त माया वा ध्यान प्राप्त हुँदैन भने, उसले रिसाएर ध्यान खिच्ने प्रयास गर्छ ।

### *२. एरिक्सनको मनोसामाजिक विकास सिद्धान्त*

जर्मन मनोविश्लेषक एरिक एरिक्सनका अनुसार, बालबालिकाले विभिन्न उमेरमा विभिन्न मनोसामाजिक चुनौतीहरूको सामना गर्छन् । उदाहरणका लागि, २-३ वर्षका बालबालिकाहरू स्वतन्त्रता खोज्छन् । यदि उनीहरूले आफ्नो स्वतन्त्रता प्रयोग गर्न पाउँदैनन् भने, रिस वा जिद्दीपन देखाउँछन् ।

### *३ पियाजेको संज्ञानात्मक विकास सिद्धान्त*

स्वीस स्विस मनोवैज्ञानिक जीन पियाजेको सिद्धान्तअनुसार बालबालिकाको संज्ञानात्मक विकासले उनीहरूको भावनात्मक प्रतिक्रियालाई प्रभावित गर्छ । साना बालबालिकाहरूमा आफूकेन्द्रित सोच हुन्छ, जसले उनीहरूलाई अरूको दृष्टिकोण बुझ्न गाह्रो बनाउँछ। फलस्वरूप, उनीहरू सानो कुरामा पनि रिसाउँछन् ।

### रिसको प्रभाव

बालबालिकाले रिसलाई विभिन्न तरिकाले व्यक्त गर्छन्,
-हातपात, चीजहरू फाल्ने, वा लात हान्ने।
-चिच्याउने, गाली गर्ने, वा रूने ।
-बोल्न बन्द गर्ने, एक्लै बस्ने, वा जिद्दी गर्ने ।

रिसको अनियन्त्रित अभिव्यक्तिले बालबालिकाको मानसिक स्वास्थ्य, सामाजिक सम्बन्ध र पढाइमासमेत नकारात्मक प्रभाव पार्न सक्छ । पछि यो डिप्रेसन, चिन्ता वा आक्रामक व्यक्तित्वको विकासमा पनि परिणत हुन सक्छ ।

### रिस व्यवस्थापनका उपाय

- बालबालिकालाई आफ्नो भावना रिस, दुःख, खुसी पहिचान गर्न र व्यक्त गर्न सिकाउनुपर्छ । उनीहरूको मनमा रहेको कुरा ध्यानपूर्वक सुन्ने, उनीहरूको अवस्थामा गम्भीर हुने र परिस्थितिको बोध गराउने । यदि बालबालिकाले सम्भव नभएका कुरा गर्न भन्छन् भने, किन सम्भव भएन त्यसबारे नम्र तरिकाले बुझाउँदा धेरैजसो बालबालिका कन्भिन्स हुन्छन् ।
- बालबालिकाले रिस देखायो भने आफू नरिसाउने, त्यसलाई सामान्यिकरण गरी रिस शान्त बनाउन भूमिका खेल्ने ।
- अभिभावकले आफ्नो रिसलाई शान्त गर्ने, बालबालिकाको अगाडि रिस नदेदाउने, उनीहरूलाई कडा व्यवहार नगर्ने, समस्या भएमा तार्किक तरिकाले त्यसलाई व्यवस्थापन गरेर बालबालिकालाई सकारात्मक उदाहरण देखाउन सकिन्छ ।
- समाजमा धेरै यस्ता मान्छे हुन्छन्, जो बालबालिकालाई जिस्क्याउने, चिड्याउने, तर्साउने गर्दा रमाइलो मान्छन्, त्यो खालका व्यवहारले बालबालिका धेरै रिसाउन सक्छन् ।

यदी हामीमा त्यो खालको बानी छ भने त्यसलाई त्याग्नु राम्रो । त्यस खालका व्यक्ति छन् भने अभिभावकले त्यसो नगर्ने भनेर सम्झाउनु राम्रो हुन्छ ।

- नियमित दिनचर्या, पर्याप्त निद्रा र स्वस्थ खानाले बालबालिकाको चिडचिडाहट कम गर्छ, जसले रिसाउने भावनामा कमी आउँछ ।
- बालबालिका बुझ्ने उमेरको छ भने उसलाई रिसबाट हुने हानिबारे सम्झाउनु राम्रो हुन्छ । धेरै रिसाउँदा कसरी हानी हुन्छ भन्ने कुरा कुनै प्रसंग वा कथासँग जोडेर पनि सिकाउन सकिन्छ । यसले बालबालिकामा रिस नियन्त्रण गर्नुपर्छ भन्ने भावनाको विकास गराउँछ ।

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !
- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।
थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# राक्सिराङ साह्रै निमछरो, हेटौंडा उपमहानगरले पनि भेटेन राष्ट्रिय नतिजा

## एसइई, २०८१ पालिका नतिजा:

◆ विकास संवाददाता

माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ मा हेटौंडा उपमहानगरका ५८ दशमलव १९ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । परीक्षामा सहभागी ३ हजार ३ सय ११ मध्ये २ हजार ४५ जना विद्यार्थी उत्तीर्ण भएका हुन् । एसईईमा हेटौंडाका ४ वटा संस्थागत विद्यालयले शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएका छन् ।

थाहा नगरपालिकाका संस्थागत र सामुदायिक विद्यालयबाट एसईईमा ४४ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । नगरपालिकामा रहेका ६ वटा संस्थागत र ११ वटा सामुदायिक विद्यालयबाट ४ सय ९५ जना विद्यार्थीले परीक्षा दिएकोमा २ सय १७ जना उत्तीर्ण भएका हुन् । पालुङ मोर्डन इङ्लिस स्कूलका ४ जना विद्यार्थीले परीक्षा दिएकोमा सबै उत्तीर्ण भएका छन् । थाहा नगरकै सुन्दरीदेवी माविका साधारण धारतर्फबाट १९ जना विद्यार्थीले एसईई दिएकोमा सबै अनुत्तीर्ण भएका छन् । सुन्दरीदेवीबाट १७ जनाले प्राविधिक धारतर्फको परीक्षा दिएकोमा एकजनामात्र उत्तीर्ण भएका छन् । नगरका विद्यालयमध्ये सबैभन्दा बढी विद्यार्थी एसईईमा सहभागी गराएको बागेश्वरी माविबाट १५ जना विद्यार्थी ग्रेडेड भएका छन् । बागेश्वरी माविबाट ६९ जना विद्यार्थीले एसईई दिएका थिए ।

यसैगरी बागमती गाउँपालिकामा ४६ जना विद्यार्थी ग्रेडेड भएका छन् । पालिकामा ५ वटा विद्यालयबाट परीक्षामा सहभागी भएका २ सय ७७ जना विद्यार्थीमध्ये ४६ जना अर्थात् १६ दशमलव ६१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् ।

राक्सिराङ गाउँपालिकामा ६ वटा विद्यालयबाट १२ जना विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् । ६ दमलव ४५ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा राक्सिराङका ६ मध्ये ३ वटा विद्यालयको नतीजा निल आएको छ । इन्द्रसरोवर गाउँपालिकामा ३८ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका छन् । पालिकाका ६ वटा विद्यालयबाट परीक्षामा सहभागी १ सय ५ जना विद्यार्थीमध्ये ३८ विद्यार्थी उत्तीर्ण भएका हुन् । यस अनुसार ३६.१९ प्रतिशत विद्यार्थी ग्रेडेड भएको छ । गतवर्ष इन्द्रसरोवर गाउँपालिकाबाट ८४ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा १४ जना उत्तीर्ण भएका थिए । इन्द्रसरोवर गाउँपालिकामा यस वर्ष एसईईमा सहभागी सरस्वती बालबोधिनी माविका १२ मध्ये १०, पन्चकन्या माविका १८ मध्ये ३, वत्सलादेवी माविका १९ मध्ये ५, कालिका माविका ११ मध्ये ६, महाचुनी माविका २३ मध्ये ११ र कालीदेवी माविका २२ मध्ये ३ जना उत्तीर्ण भएका छन् ।

यसैगरी कैलाश गाउँपालिकामा ४५ जना विद्यार्थी एसईईमा उत्तीर्ण भएका छन् । पालिकामा ६ वटा विद्यालयबाट परीक्षामा सहभागी भएका १ सय ६१ विद्यार्थीमध्ये ४५ जना एवम् २७ दशमलव ९५ प्रतिशत विद्यार्थी उत्तीण भएका हुन् । गतवर्ष कैलाश गाउँपालिकाबाट १ सय ९९ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा ११ जना (५.५२ प्रशित) उत्तीर्ण भएका थिए ।

मनहरी गाउँपालिकाबाट परीक्षामा सहभागी भएका ४ सय २९ विद्यार्थीमध्ये एक सय ४२ जना अर्थात ३३.१० प्रतिशत उत्तीर्ण भएका छन् । गाउँपालिकाले सार्वजनिक गरेको विद्यालयको नतिजा विवरण अुनसार ३.६ देखि ४ जीपीएसम्म नतिजा ल्याउने विद्यार्थी ३ जना छन् । मकवानपुरगढी गाउँपालिकामा ४३ दशमलव ६६ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । गाउँपालिकामा १० विद्यालयबाट एसईईमा सहभागी २ सय १३ जना विद्यार्थीमध्ये ९३ जना विद्यार्थी उत्तीर्ण भएका छन् ।

बकैया गाउँपालिकाका १८ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण (ग्रेडेड) भएका छन् । बकैयाका १२ वटा विद्यालयका विद्यार्थी एसईईमा सहभागी हुँदा २ वटा विद्यालयका एकजना विद्यार्थी पनि उत्तीर्ण भएनन् । बकैयाका १२ विद्यालयका ४ सय ११ जना विद्यार्थी एसईईमा सहभागी भएकोमा ७४ जना (१८ प्रतिशत) विद्यार्थी मात्रै उत्तीर्ण भएका छन् । यसैगरी भीमफेदी गाउँपालिकामा २३ दशमलव ४ प्रतिशत विद्यार्थी मात्रै ग्रेडेड भएका छन् । गाउँपालिकाको अनुसार एसईईमा सहभागी १ सय ९६ जना विद्यार्थीमध्ये ४६ जना मात्रै उत्तीर्ण भएका छन् ।

# बकैया गाउँपालिकाको दुर्गम बस्तीको खोलामा झोलुंगे पुल निर्माण

मकवानपुरको बकैया गाउँपालिकाको दुर्गम बस्तीको खोलामा झोलुंगे पुल निर्माण गरिएको छ । पुलको अभावमा वर्षायाममा जोखिम मोल्दै आएका बकैया गाउँपालिका–७ का बासिन्दालाई हर्दा खोलामा झोलुंगे पुल बनेपछि खुसी छाएको छ ।

बकैया गाउँपालिका–७ स्थित हर्दा खोलामा १०८ मिटर लामो झोलुंगे पुल बनेको हो । संघीय सरकार र बकैया गाउँपालिकाको लगानीमा माटोकोरी–चुनढुंगा झोलुंगे पुल निर्माण गरिएको हो । ६० लाख सात हजार रूपैयाँमा निर्माण गरिएको पुलका निम्ति संघीय सरकारले ५० लाख १४ हजार, बकैया गाउँपालिकाले ७ लाख ८२ हजार र स्थानीयबासीले एक लाख २० हजार रूपैयाँ बराबरको श्रमदान गरेका थिए । ग्रामीण जागरण तथा विकास संगठन नेपाल (राडो) प्राविधिक सहयोग निर्माण गरिएको झोलुंगे पुलबाट २ सय ३५ घर धुरीका १ हजार ४ सय ५ जना लाभान्वित हुने वडाध्यक्षले मानबहादुर स्याङ्तानले बताए ।

गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीले आइतबार एक समारोहबीच उद्घाटन गरेको पुलले ७ नम्बर वडावासीमा खुसी छाएको छ । हर्दा खोलामा पुलको अभावले गर्दा पालिकाको केन्द्र रहेको स्थानमा वर्षायाममा आउजाउ गर्न समस्या थियो । यो पुलको निर्माण कार्य २०८० सालको चैतमा सुरू गरिएको थियो ।

# कैलाशमा हातेट्याक्टर मर्मत तालिम पाएकालाई टुल्स पनि सहयोग

◆ विकास संवाददाता

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ८ भार्तामा १० दिने हातेट्याक्टर मर्मत तालिम प्रदान गरिएकाहरूलाई टुल्स प्रदान गरिएको छ ।

लघु उद्यम विकास कार्यक्रम (मेड्पा) ले १६ जनालाई तालिम दिएको थियो । सीप तालिम पश्चात प्रविधि हस्तान्तरण गरिएको छ । एडभान्स हाते ट्याक्टर मर्मत तालिम पश्चात समूहमा प्रविधि हस्तान्तरण गरिएको हो । तालिम गत चैत्र २९ गतेदेखि १० दिन सञ्चालन भएको गाउँपालिका उद्यम विकास शाखा प्रमुख प्रमिला अर्यालले बताईन् । तालिममा सहभागी भएका सबै १६ जनालाई ट्याक्टर मर्मत गर्ने टुल्स व्याग प्रदान गरिएको उनले बताइन् । एक लाख ६० हजार लागतको टुल्सहरू वितरण गरिएको र अब बिग्रिएका हाते ट्याक्टर मर्मत गरी उनीहरूले आय आर्जन गर्ने उनले बताइन् ।

वडा नम्बर ८ का वडाध्यक्ष आशिष प्रजाको अध्यक्षतामा उक्त टुल्सहरू वितरण गरिएको थियो । अध्यक्ष प्रजाले बिग्रिएका हाते ट्याक्टरहरू मर्मत गरी आफ्नो सीपलाई निर्खान आग्रह गरेका थिए ।


## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।


मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय


# मकवानपुरबाट १० महिनामा ३ हजार महिला विदेशिए



◆ विकास संवाददाता

मकवानपुर जिल्लामा चालु आर्थिक वर्षको १० महिनाको अवधिमा ३ हजार जना महिला वैदेशिक रोजगारीका लागि विदेशिएका छन् । यो तथ्यांक चालु आर्थिक वर्ष २०८१/०८२ को चैत महिनासम्मको हो ।

सुरक्षित आप्रवासन परियोजना (सामी) मकवानपुरले रोजगारको शिलशिलामा विदेशिने पुरूषको तुलनामा महिलाको संख्या बढ्दो क्रममा रहेको जनाएको छ । बिहीबार सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमकाबीच सामीले तथ्यांक सार्वजनिक गरेको हो । सार्वजनिक गरिएको तथ्यांकअनुसार २०८१ साउनदेखि चैत मसान्तसम्ममा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेहरूमा पुरूष ८ हजार २ सय ५७ र महिला ३ हजार रहेका छन् । रोजगारीमा जानेको संख्या पुरूषको बढी भएता पनि वार्षिक तथ्यांकको आधारमा विदेशिने महिलाको संख्या तुलनात्मक रूपमा बढ्दो क्रममा रहेको सामी परियोजना मकवानपुर की संयोजक अञ्जिता थापा मगरले बताइन् ।

चालू आर्थिक वर्षमा स्रोत केन्द्रबाट ७ हजार २ सय ६६ जनामा सुरक्षित वैदेशिक रोजगार बारे सूचना प्रवाह गरिएको र जसमा ८७ प्रतिशतको उद्देश्य वैदेशिक रोजगारीको रहेको उनले बताइन् । सूचनामा पहुँच, न्यायमा पहुँच, सीप विकास तालिम, मनोसामाजिक परामर्श, वित्तीय र वित्तीय साक्षरता लगायतका क्षेत्रमा सामी परियोजनामार्फत सेवाहरू उपलब्ध हुँदै आएको छ । सामी परियोजनामा चालु वर्षको १० महिनामा ५३ वटा ठगीका घटनाहरू आएको र जिल्ला प्रशासन कार्यालय मकवानपुर सहित वैदेशिक रोजगार विभाग कार्यालयको सहजीकरणमा ३२ वटा घटना समाधान गरिएको बताइएको छ ।

वैदेशिक रोजगारीका लागि विशेषत सयुक्त अरब इमिरेट्स, साउदी अरेविया, कतार, मलेसिया, कुवेत, क्रोयसिया, रोमानीया, जापान, कोरिया र बहराईनका लागि विदेशिने गरेको पाइएको बताइएको छ । अभिमुखीकरण कार्यक्रममा सामी परियोजनाका फोखल पर्सन भीम प्रसाद तिमल्सिनाले वैदेशिक रोजगारीको वर्तमान अवस्थाबारे प्रस्तुतीकरण दिएका थिए ।


अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट

काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड


9855068340/9802068340

# ऐतिहासिक कुन्छाल गाउँमा ६ चक्के सवारीलाई बन्देज

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको ऐतिहासिक कुन्छाल गाउँ भित्रबाट ६ चक्के सवारी साधनको आवागमन पूर्ण रूपमा रोक लगाइएको छ । १२ असारमा थाहा–१ कुन्छाल गाउँमा आयोजित भेलाको यस्तो निर्णय गरेको हो ।

स्थानीय सडकहरू भीडभाडयुक्त र साँघुरा भएका कारण नागरिकको सुरक्षालाई ध्यानमा राखी यस्तो निर्णय गरिएको १ नम्बर वडा कार्यालयले जनाएको छ । कुन्छालको पोखरी डाडाँदेखि दुप्चे बजार सडक खण्ड अन्तर्गत दुप्चे बजारदेखि गणेश मन्दिर



सम्मको सडक जोखिमयुक्त रहेकोले उक्त सडक खण्डमा ६ चक्के सवारी चलाउन पुर्ण रूपमा निषेध गरिएको वडा कार्यालयले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

वडा अध्यक्ष हेरमान गोपालीले सूचित गराएको सूचनामा कुन्छाल–कुलेखानी सडक प्रयोग गर्न सवारी चालक तथा सम्बन्धित सबैलाई अनुरोध गरिएको छ ।

# पालुङ स्वास्थ्य केन्द्रको सेवाप्रति वाइसीएल थाहानगर असन्तुष्ट

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र निकट योङ कम्युनिस्ट लिग (वाईसिएल), नेपाल थाहानगर कमिटीले पालुङ स्वास्थ्य केन्द्रको सेवाप्रति गम्भीर असन्तुष्टि जनाउँदै सेवा सुधारका लागि औपचारिक ध्यानाकर्षण पत्र बुझाएको छ । थाहा नगरपालिका नम्बर ४ मा रहेको स्वास्थ्य केन्द्रको सेवा सुधार गर्न वाइसिएलले माग गरेको छ ।

वाईसिएलले ध्यानाकर्षण मार्फत नगरकै स्वास्थ्य प्रणालीको समग्र मूल्याङ्कन गर्दै सुधारको माग गरेको जनाएको छ । १९ असारमा वाईसिएल नगर कमिटीका अध्यक्ष केशव सुनार र सचिव बिश्वनाथ रायमाझीको नेतृत्वमा स्वास्थ्य केन्द्र प्रमुख जोनसन विश्वकर्मालाई ध्यानाकर्षण पत्र बुझाइएको हो । पत्रमा भनिएको छ, "स्वास्थ्य संस्था भनेको मानवीय सेवामा समर्पित जिम्मेवार संस्था हो, तर पालुङ स्वास्थ्य केन्द्रको व्यवहारप्रती वाइसीएल थाहाको ध्यानाकर्षण भएको छ ।"

बिरामीको उपचारमा समेत ढिलासुस्ती भएको, जनताले पाउने



उपचारमा कुनैपनि लापरबाही नगर्न आग्रह गर्दै वाइसीएल थाहानगर कमिटीका अध्यक्ष केशव सुनारले पत्रमार्फत सम्बन्धित निकायले समयमै सुधार नगरे जनस्तरबाट थप दबाब सिर्जना गरिने चेतावनी दिएका छन् ।

स्वास्थ्य सेवा नागरिकको आधारभूत हक हो भन्दै अध्यक्ष सुनारले सबै पक्ष गम्भीर हुनुपर्नेमा जोड दिएका छन् ।

# बाघेखोला टोल विकास संस्थाको अध्यक्षमा कार्की अध्यक्षमा निर्वाचित



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३, घर्तिखोलामा रहेको बाघेखोला टोल विकास संस्थाको प्रथम साधारणसभाबाट सुदर्शन कार्की अध्यक्ष पदमा निर्वाचित भएका छन् । साधारणसभाले नयाँ ११ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ ।

संस्थाका अध्यक्ष सुदर्शन कार्कीको अध्यक्षतामा भएको साधारसभामा अध्यक्ष कार्कीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विगत वर्षको प्रगति विवरण प्रस्तुत गरेका थिए । थाहा नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथी रायमाझीले स्थानीयस्तरमा सक्रिय टोल विकास संस्थाले समावेशी विकास र सामाजिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

कार्यक्रममा सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने र जनकल्याण माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापक सानोभाइ कार्कीले पनि शुभकामना व्यक्त गरेका थिएसाधारणसभाले आगामी वर्षका योजनाहरू तय गर्दै स्थानीय विकासमा जनसहभागिता बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

संस्थाको नव निर्वाचित कार्य समितिको उपाध्यक्षमा गुप्त बहादुर काकी, सचिव राजकुमार कार्की, कोषाध्यक्ष विन्दा बिष्ट छिन् । त्यस्तै सदस्यहरूमा राजु कार्की, नवराज वर्तौला, हन बहादुर कार्की, कमला बिष्ट कार्की, प्रशंसा कार्की, जेनीश कार्की र राजकुमार कार्की निर्वाचित भएका छन् । संस्थाको सल्लाहकार समितिमा सानोभाइ कार्की, शिवहरी बर्तौला र कृष्ण कुमार कार्की रहेका छन् ।


थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



**उपचार खर्च सम्बन्धी थाहा नगरपालिकाको सूचना**

यस थाहा नगरपालिकामा संघीय सरकारबाट प्राप्त अनुदान मार्फत मृगौला प्रत्यारोपन गरेका, डायलासिस गरिरहेका रोगी र मेरुदण्ड पक्षघाका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ अनुसार नामावली समावेश भएका लाभग्राहीहरुलाई मासिक रुपमा पाँच हजार रुपैयाँ उपचार खर्च उपलब्ध गराउँदै आएकोमा हाल भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त गरिब परिचय पत्र थाहा नगरपालिकाको सबै वडाहरुमा वितरण भैसकेकोले सोही कार्यविधिको नियम २ (ग) अनुसार गरिबीको परिचय पत्र पाएकाहरुलाई मात्र उक्त सुविधा दिने व्यवस्था भएको सम्पूर्णको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा





समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।


# मकवानपुरगढीको ५ नम्बर वडाबाटै सामाजिक सुरक्षा भत्ता

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिका वडा नं. ५ मा जेष्ठ तथा अशक्त नागरिकलाई वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता रकम वितरण हुने भएको छ । गाउँपालिकाले मक्रान्चुली केन्द्रमा रहेको नबिल बैंकसम्म आफ्नो पालिकाभित्र बसोबास गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई समस्या भएपछि वडास्तरबाट २०८० माघ ४ गतेदेखि सेवा सुरू गरेको थियो ।

पालिकाले हालसम्म वडाबाट नै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने काम वडा नम्बर १, २, ६, ७ र ८, मा गरी जम्मा ५ वटा वडाबाट वितरण गरिसकेको गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले जानकारी दिएका छन् । यसअघि सामाजिक सुरक्षा भत्ता लिनका लागि मकवानपुर गढीका नागरिक तीनचार घण्टा पैदल हिँडेर गाउँपालिका नजिक रहेको नबिल बैंकमा जानुपन बाध्यता हटेको मकवानपुरगढी गाउपालिका-५ का वडाअध्यक्ष दिपेश दाहालले बताए । आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रमामा नै सबै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने लक्ष्य अनुसार आर्थिक वर्ष २०८१/८२ को चौथो किस्तादेखि सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयबाटै वितरण गर्नको लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको औंठाछाप बैकिंङ् प्रणालीमा प्रविस्ट गर्ने काम सम्पन्न भएको वडाअध्यक्ष दाहालले बताए ।

मकवानपुरगढीका ८ वटा वडामध्ये ४ नं. वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता वितरणको काम बाँकी रहेकोले यही साउन २ गते र ३ गते लाभग्राहीको औंठाछाप बैकिंङ् प्रणालीमा प्रविष्ट गर्ने काम हुने भएको छ ।




# राक्सिराङमा आयुर्वेद औषधालय भवन उद्घाटन

◆ विकास संवाददाता



मकवानपुरको राक्सिराङ गाउँपालिका-५, ठाडेचुरीमा निर्मित आयुर्वेद औषधालय भवनको उद्घाटन गरिएको छ । मंगलबार एक कार्यक्रमका बीच नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवम् बागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले भवनको उद्घाटन गरेका हुन् । कार्यक्रममा नेता बानियाँले आयुर्वे प्राचीन मानवीय सेवा प्रणालीको एक प्रभावकारी माध्यम भएको बताए । यसले आधुनिक औषधिले दिने साइड इफेक्टबाट मुक्त जनस्वास्थ्य सेवा प्रदान गर्ने विश्वास व्यक्त गरे ।

बानियाँले कम आय भएका नागरिकका लागि सर्वसुलभ र प्रभावकारी स्वास्थ्यसेवा दिन सकिने औषधालयलाई प्रदेश सरकारको तर्फबाट सक्दो सहयोग गरिने प्रतिबद्धता जनाए । स्थानीय तहसँग समन्वय गरेर अस्पतालका अन्य पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने बताउँदै उनले राक्सिराङमा वर्षौंदेखिको जग्गाधनी पूर्जासम्बन्धी समस्या समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरेर समाधान गरिने बताए । नेता बानियाँले राक्सिराङमा बिगतदेखि प्रदेश सरकारबाट आएको पूर्वाधार बजेटलाई उचित समन्वय गरी आयआर्जन, रोजगारी तथा विकास निर्माणमा जोडिनुपर्नेमा जनप्रतिनिधि गम्भीर र उत्तरदायी हुनुपर्नेमा जोड दिए ।

औषधालयमा ओपीडी सेवा, जेष्ठनागरिक तथा स्तनपायी महिलाका लागि विशेष स्वास्थ्य परामर्श, योग तथा पञ्चकर्म सेवा सञ्चालन हुने जानकारी औषधालय प्रमुख कविराज निरीक्षक रामबचन साहले जानकारी दिए । गाउँपालिकाको ३० लाख रूपैयाँको बजेटबाट निर्माण गरिएको आयुर्वेद औषधालय २ कठ्ठा १० धुर क्षेत्रफलमा फैलिएको छ । औषधालय निर्माणका लागि आवश्यक जग्गा स्थानीय स्व. रामबहादुर प्रजाले निःशुल्क दान गरेका हुन् ।

गाउँपालिका अध्यक्ष राज कुमार मल्लको सभाध्यक्षतामा भएको समारोहमा गाउँपालिका उपाध्यक्ष बनस्थम थिङ, वडा नं. ५ का अध्यक्ष हरिबहादुर प्रजालगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा पालिका जनप्रतिनिधि, विभिन्न दलका प्रतिनिधि, कर्मचारी र स्थानीयको उल्लेखनीय उपस्थिति रहेको थियो ।

**स्वच्छ सहर-स्वस्थ्य सहर !**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

“सहरलाई सुन्दर बनाऔं“

नेपाल सरकार
विज्ञापन बोर्ड




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी